# ४८ औं कार्यपालिका निर्णयहरु (मिति २०८२।०१।०९)

प्रस्ताव नं. १(क) प्रदेश समपुरक अनुदान कार्यक्रमको आयोजना छनौट सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं.१(क) माथि छलफल गर्दा सुदूरपश्चिम सरकार, प्रदेश नीति तथा योजना आयोग,धनगढी,कैलालीको स्थानिय तहमा आ.व. २०८२/०८३ का लागि प्रदेश समपुरक तथा प्रदेश बिशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना÷कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी मिति २०८१/१२/११ मा प्रकाशित सूचना बमोजीम प्रदेश समपुरक अनुदान कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेका तपशिल बमोजीमका आयोजना÷ कार्यक्रम छनौट तथा प्राथमिकताक्रम निर्धारण गरि सुदूरपश्चिम सरकार, प्रदेश नीति तथा योजना आयोग, धनगढी, कैलालीमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| प्राथमिकता क्रम | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | नगरपालिकाको म्याचिङ्ग रकम रु. | प्रदेश सरकार समपुरक अनुदान रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | टीकापुर नगरपालिका वडा नं. १ स्थित मेन्था कम्पनी जिरो पोईन्ट देखि बनगांउ उत्तरपुरुवा बिचकापुरुवा वडा नं. ३ रामपुर चौराह वडा नं. ४ र ६ हुंदै जाने बाहिरी चक्रपथ निर्माण आयोजना | टीकापुर-१,३,४ र ६ ,कैलाली | ३,००,००,०००।० | ९०,००,०००।० | ६०,००,०००।० | आ.व.२०८१/०८२ मा रु. १,५०,००,००० स्विकृत भई कार्यान्वयन अगाडी बढेको र बांकी आ.व. २०८२/०८३ का लागि क्रमागत आयोजनाको रुपमा माग गरिएको |
| २. | आँखा अस्पताल चोक देखि मिलन चोक हुंदै सनकट्टी घाट नयाँ पक्कीपुल जोड्ने सडक कालोपत्रे निर्माण आयोजना माग गरिएको | टीकापुर-२, कैलाली | [illegible],००,०००।० | १,८०,००,०००।० | १,२०,००,०००।० | |
| ३. | टीकापुर पार्कदेखि दौलतपुरघाट जोडने सडक कालोपत्रे निर्माण आयोजना | टीकापुर-५, कैलाली | ३,००,००,०००.० | १,८०,००,०००।० | १,२०,००,०००।० | |

प्रस्ताव नं. १(ख) प्रदेश बिशेष अनुदान कार्यक्रमको आयोजना छनौट सम्बन्धमा

निर्णय नं. १ प्रस्ताव नं.१(ख) माथि छलफल गर्दा गर्दा सुदूरपश्चिम सरकार,प्रदेश नीति तथा योजना आयोग,धनगढी,कैलालीको स्थानिय तहमा आ.व.२०८२/०८३ का लागि प्रदेश समपुरक तथा प्रदेश बिशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना÷कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी मिति २०८१/१२/११ मा प्रकाशित सूचना बमोजीम प्रदेश बिशेष अनुदान कार्यक्रम अन्तर्गत आ.व.२०८२/०८३ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेका तपशिल बमोजीमका आयोजना/कार्यक्रम छनौट तथा प्राथमिकताक्रम निर्धारण गरि सुदूरपश्चिम सरकार,प्रदेश नीति तथा योजना आयोग,धनगढी,कैलालीमा पेश गर्ने निर्णय गरियो

| प्राथमिकता क्रम | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | प्रदेश सरकार बिशेष अनुदान रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | धनसिंहपुर स्वास्थ्य चौकीको सेवा बिस्तारका लागि भवन निर्माण आयोजना | टीकापुर-८, वटनपुर | ७०,००,०००।० | ७०,००,०००.० | |
| २. | सिकलसेल एनिमिया तथा थालेसेमियाको रोगको पहिचान तथा न्यूनिकरणका लागि समुदाय स्तरमा | टीकापुर न.पा क्षेत्र | ७०,००,०००.० | ७०,००,०००.० | |

प्रमाणित

२०८२।०१।०९

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

CS CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | स्क्रिनिङ्ग, परिक्षण तथा परामर्स सेवा कार्यक्रम | | | | |
| ३. | कर्णाली नमूना माध्यामिक विद्यालय परिसरमा पक्की घेरा पर्खाल निर्माण आयोजना | टीकापुर-१, कैलाली | ७०,००,०००.० | ७०,००,०००.० | |

प्रस्ताव नं.२ नदीजन्य बस्तुको उत्खनन तथा बिक्री वितरण सम्बन्धमा।
प्रस्ताव नं.२ माथि छलफल गर्दा नदीजन्य बस्तुको उत्खनन तथा बिक्री वितरण सम्बन्धमा थप अध्ययन गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

प्रस्ताब नं.३ सत्ती स्थित ब्याटम्यान्टीन हल भवन निर्माण आयोजना सम्बन्धमा।
निर्णय नं.३ प्रस्ताब नं ३ माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं.७ स्थित सत्ती खेलकुद मैदानमा ब्याटमिन्टन हल भवन निर्माण कार्यको श्री एफ.एण्ड.एफ. ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि.,बिरेन्द्रनगर नगरपालिका वडा नं.३, सुर्खेत संग मिति २०८०/०३/१७ गते आयोजना निर्माण कार्यको सम्झौता भई मिति २०८१ साल बैशाख ३० गते सम्ममा उक्त कार्य सम्पन्न गर्न कार्यादेश दिईएकोमा निर्माण कम्पनीबाट निर्धारित समय सिमासम्म पनि सम्झौता बमोजिम निर्माण निर्माण कार्य अगाडी बढाएको नदेखिएको हुंदा सम्बन्धित निर्माण व्यवसायीसंग पूर्व निर्धारित क्षतिपूर्ति (Liquidated Damages) लिने र निर्माण कार्यको म्याद नियमानुसार निर्माण कार्यको सम्झौता बमोजीम म्याद समाप्त भएको मिति २०८१/०१/३० गतेबाट २०० दिन थप म्याद थप गर्ने र थप गरिएको सम्झौता अवधिमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले सम्बन्धित निर्माण व्यवसायीहरुसंग पूर्व निर्धारित क्षतिपूर्ति (Liquidated Damages) लिने र उक्त आयोजना चालु आ.व.मा कार्यान्वयन गर्न गर्न आ.व.२०८०÷०८१ को बचत हुन आउने रकमबाट बजेट विनियोजन गर्ने मिति २०८१/०४/२८ गते बसेको ३९(२०७९–८४) को निर्णय नं.२(५) बमोजीम निर्णय भएकोमा उक्त तोकीएको समयमा पनि सो निर्माण कम्पनीबाट कार्य सम्पन्न गर्न नसकेको र मिति २०८१/०७/१४ गते सम्बन्धीत निर्माण कम्पनीले कार्य गर्ने प्रतिबद्धता सहित यस कार्यालयमा निबेदन पेश गरेको सन्दर्भमा मिति २०८१/०८/१२ गते बसेको ४२(२०७९–८४) औं कार्यपालिका बैठकको निर्णय नं. १४ बमोजीम सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO),केसरमहल,काठमाडौंसंग राय÷परामर्स माग गर्ने निर्णय भए बमोजीम पत्राचार गरिएको र सो सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO),केसरमहल,काठमाडौंले मिति २०८१/०९/१६ गतेको पत्र मार्फत जानकारी प्राप्त भएको सन्दर्भ र आ.व. २०८०/०८१ को महालेखा परिक्षकको प्रारम्भीक प्रतिवेदनमा वडा नं. ७ स्थित सत्ती खेलमैदानमा निर्माण गरिने ब्याडमिन्टन कोर्ट हल निर्माण कार्यको जिम्मेवारी प्राप्त गरेको निर्माण व्यवसायी फर्म एफ.एण्ड. एफ.ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि. बिरेन्द्रनगर नगरपालिका वडा नं.३,सुर्खेतले सम्झौता अवधि पुरै व्यतित भैसकेको अवधि सम्म कार्य शुरु नगरेको अवस्थाले सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (तेहौं सन्सोधन समेत) अनुसार निजको कार्य सम्पादन जमानत बापत राखिएको रु. १८,२९,०००।०० बराबरको कार्य सम्पादन बैंक जमानत बापतको रकम धरौटी खातामा जफत गरि सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३(१) बमोजीम कालो सूचीमा राख्ने लगायतका व्यवस्थाको कार्यान्वियन गरी कानुन बमोजीम हनुपर्दछ भनी उल्लेख भएको अवस्थामा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली ,२०६४ (तेहौं सन्सोधन समेत) अनुसार निज एफ.एण्ड. एफ.ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि. बिरेन्द्रनगर नगरपालिका वडा नं.३, सुर्खेतको यस कार्यालयको नाममा जारी भएको कार्य सम्पादन जमानत बापत राखिएको रु. १८,२९,०००।०० बराबरको कार्य सम्पादन बैंक जमानत बापतको रकम धरौटी खातामा जफत गरि र पूर्व निर्धारित क्षतिपूर्ति (Liquidated Damages) वापतको हुन आउने रकम रु ७,११,९५२.१५ समेत असुल गरी सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३(१) बमोजीम १८ महिना को लागि कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय (एए:इ), केसरमहल काठमाडौंमा सिफारिस गरि पठाउने निर्णय गरियो।

प्रस्ताव नं.४ नगर बस संचालन अध्ययन प्रतिवेदन स्विकृत सम्बन्धमा।
निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा नगर बस संचालन अध्ययन प्रतिवेदन थप अध्ययन गरि स्विकृत सम्बन्ध आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.५ म्याद थप सम्बन्धमा।
निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं। २,३,४,५,७,८ र ९ का विभिन्न स्थानमा टीकापुर नगरपालिका, कारितास नेपाल र घर धनिको सयुंक्त लागत साझेदारीमा निर्माण भएका घरहरुको As Built Drawing तथा प्राबिधिक मुल्यांकन गरि Detailed Report पेश गर्न तेस्रो पक्ष बाट परामर्स सेवा तथा घरहरुमा प्रयोग भएका Construction Materials हरुको गुणस्तर परिक्षण कार्यका लागि

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

CamScanner

मिति २०८१/०३/३१ गते दिईएको कार्यादेश तथा मिति २०८१/०७/२८ मा भएको सम्झौताको समयावधि समाप्त भएको मितिबाट २०८२ साल जेठ १० गते सम्म थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं.६ विभिन्न टि.ओ.आर.स्वीकृत सम्बन्धमा।
निर्णय नं.६ प्रस्ताव नं.६माथि छलफल गर्दा यस सन्दर्भमा थप अध्ययन गरि आगामी कार्यापालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

प्रस्ताब नं.७ खोका, ठेला तथा तरकारी पसल व्यवस्थापन सम्बन्धमा।
निर्णय नं.७ प्रस्ताब नं ७ माथी छलफल गर्दा टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको टीकापुर नगरपालिका वडा नं.१, ब्लक नं.११ (साविक टीकापुर ९ज) स्थित कि.नं.४७ मा कृषि हाट बजार सञ्चालन गर्नका लागि र टीकापुर बजार क्षेत्रमा रहेका खोका, ठेला तथा तरकारी पसलहरुलाई उचित व्यवस्थापन गर्न टीकापुर न.पा.वडा नं.१, ब्लक नं.२६ (साविक टीकापुर ९ङ) स्थित कि.नं.११०४ र टीकापुर न.पा.वडा नं.१, ब्लक नं.२८ (साविक टीकापुर ९च) स्थित कि.नं.७२० मा सम्बन्धित व्यवसायीहरुले नै अस्थायी संरचना निर्माण गर्ने गरी व्यवसाय सञ्चालन गर्न दिनका लागि टीकापुर नगर विकास समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताब नं.८ गुलावका फूल उत्पादनका लागि जग्गा उपलब्ध सम्बन्धमा।
निर्णय नं.८ प्रस्ताब नं. ८ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.५ स्थित खेलकुद मैदानको पूर्व तर्फ टीकापुर नर्सरी क्षेत्रमा रहेको खाली जग्गा मध्ये जम्मा करिव १-०-० (एक बिगाहा) जग्गा नियमानुसार शुल्क लिई गुलाबका फुलहरुको नर्सरी उत्पदनका लागि जग्गा लिजमा दिने निर्णय गरियो।

प्रस्ताब नं.९ टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१ दोस्रो संसोधन सम्बन्धमा।
निर्णय नं.९ प्रस्ताब नं.९ माथी छलफल गर्दा टीकापुर नगरपालिकाको टोल विकास सँस्था गठन तथा परिचालन कार्यविधि,२०७८ मा निम्नानुसार दोश्रो संशोधन गरि टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१ दोस्रो संसोधन गर्ने निर्णय गरियो।

तपशिल :

| दफा, उपदफा र खण्ड | कार्यविधिमा भएको प्रावधान | संशोधन गर्न प्रस्ताव गरिएको प्रावधान | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| टीकापुर नगरपालिकाको टोल विकास सँस्था गठन तथा परिचालन कार्यविधि,२०७८ को दफा ५ को खण्ड (१) सँसोधन गरिएको। | वडामा गठन भै सूभिकृत भएको टोल विकास सँस्था नगरपालिका कार्यालयमा दर्ता गर्नु पर्ने छ। | वडामा गठन भै सूभिकृत भएको टोल विकास सँस्था नगरपालिका कार्यालयमा दर्ता तथा नविकरणा गर्नु पर्ने छ। | दर्ता भएको संस्थालाई वार्षिक रुपमा नविकरण गर्नु पर्ने भएकोले। |

प्रस्ताव नं.१० कक्षा आठको पुरक परिक्षा सम्बन्धमा।
निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रका कक्षा ८ मा अध्ययनरत विधार्थीहरु २०८१ को वार्षिक परिक्षामा अनुत्तिर्ण विधार्थीहरुका लागि कक्षा ८ मा अध्यापन हुने सबै विषयमा अनुत्तिर्ण भएको भए पनि पुरक परिक्षामा सहभागी गराई पुरक परिक्षा सञ्चालन गर्ने निर्णय गिरयो।

प्रस्ताव नं. ११ विद्यालयहरुको कक्षा थप सम्बन्धमा।
निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहि कक्षा तथा तह थपको लागि अनुमति माग गरेका विद्यालयहरु मध्ये तपसिल बमोजिमका विद्यालयहरुलाई सामाजिक विकास समितिको सिफारीस बमोजिम शैक्षिक सत्र २०८२ बाट कक्षा तथा तह थप गरि सञ्चालनको अनुमति दिने निर्णय गरियो।

तपसिलः

| क्र.स. | विद्यालयको नाम | विद्यालयको किसिम | तह | थप गर्न चाहेको कक्षा |
|---|---|---|---|---|

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | एभरेष्ट स्कुल, टीकापुर -१ | नीजि गुठि | आधारभुत | कक्षा ५ |
| २ | मल्लिका विधापिट गुरुकुल, टीकापुर -१ | सार्वजनिक शैक्षिक गुठि | आधारभुत | कक्षा ५ |
| ३ | जिवन ज्योती एकेडेमी, टीकापुर -७ | संस्थागत | आधारभुत | कक्षा ६ |
| ४ | लिटिल स्टप डे केयर एण्ड स्कुल, टीकापुर -१ | नीजि गुठि | आधारभुत | कक्षा ३ |
| ५ | ज्ञानी पाठशाला, टीकापुर-१ | संस्थागत | आधारभुत | कक्षा ८ |
| ६ | त्रिपथ विधा निकेतन, टीकापुर-१ | संस्थागत | माध्यमिक | कक्षा ९ |

प्रस्ताव नं.१२ भुमि सम्बन्धि विविध विषय सम्बन्धमा।

निर्णय नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा भुमिहिन सुकुम्वासी, भुमिहिन दलित तथा अव्यवस्थित वसोवासीहरुको तेश्रो चरणमा संकलन भएका फारामहरु कम्प्युटरमा प्रविष्ट गर्दा प्रविष्टिकर्तालाई प्रति फाराम रु.२० का दरले पारिश्रमिक उपलब्ध गराउने साथै भुमिहिन सुकुम्वासी, भुमिहिन दलित तथा अव्यवस्थित वसोवासीहरुको जग्गा नाप जाच गर्ने कार्यको थालनी देहाय बमोजिमका स्थानवाट शुरुवात गर्ने निर्णय गरियो।

तपसिल

१.वडा नं.१ का सबै वस्तीहरुवाट

२. वडा नं.२ को रानीकुला बेल्ट

३. वडा नं.३ को रामपुर/कटानपुर

४.वडा नं.४ को मौरनिया

५.वडा नं.५ को शाहीपुर

६.वडा नं.५ को सिम्रेनी

७.वडा नं.७ को सत्ति

८.वडा नं.८ को बंजरिया/वनगाउ

९.वडा नं.९ को सानो झुङ्गा

प्रस्ताव नं.१३ प्लाष्टिक पोलिथिन व्याग बिक्री बितरणमा प्रतिवन्ध लगाउने सम्बन्धमा।

निर्णय नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा गर्दा प्लाष्टीक पोलिथिन व्याग बिक्री बितरणका कारण बातावरणमा प्रतिकुल असर पार्नुका साथै फोहोर व्यवस्थापनमा समेत असहज भएका कारण यस टीकापुर नगरपालिका भरी आगामी आर्थिक वर्ष २०८२/०८३ देखि प्लाष्टीक पोलिथिन व्याग बिक्री बितरणमा प्रतिबन्ध लगाउन विकल्प सहित पोलिथिन व्याग प्रवेसमा निरुत्साहित गर्न बिभिन्न सचेतना मुलक कार्यक्रम संचालन गर्नुका साथै सुचना प्रवाह गर्ने निर्णय गरियो।

प्रस्ताब नं.१४ सामुदायीक भवन निर्माणको लागी जग्गा प्राप्त गर्ने सम्बन्धमा।

निर्णय नं.१४ प्रस्ताव नं. १४ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.८ बस्ने श्री टीकाराम चौधरीले सोही स्थानमा सामुदायीक भवन निर्माणका लागी निज श्री टीकाराम चौधरीको नाममा दर्ता श्रेष्ता कायम भएको साविक धनसिंहपुर गा.वि.स.वडा नं.१ कि.नं.३८२ क्षेत्रफल ०-१६-१३ ज.बि भएको जग्गा मध्येवाट सोही स्थानको कि.नं.३८१ को दक्षिण तर्फ थप २० फिट (कि.नं.३८१ को मोहडा समेत गरि जम्मा ५८ फिट वाटो तर्फ) मोहडा हुने गरि, कि.नं.३८१ को पश्चिम तर्फ थप ६३ फिट र कि.नं.३८१ को पुर्व तर्फ ६३ फिट लम्बाइ हुने गरी जम्मा क्षेत्रफल ०-०-१५ ज.बि.जग्गा टीकापुर नगरपालिका वडा नं.८ को नाममा निशुल्क उपलब्ध गराउन मन्जुर हुनु भएकोले सो जग्गा टीकापुर नगरपालिका वडा नं.८ को नाममा दाखा श्रेष्ता कायमका लागी मालपोत कार्यालय, टीकापुरलाई अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १५. विद्यालयको ठाउँसारी सम्बन्धमा।

निर्णय नं. १५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकाको सामाजिक विकास समितिको सिफारीस बमोजिम नियमानुसार दर्ता भई प्रचलित शिक्षा ऐन तथा नियम बमोजिम अनुमति प्राप्त गरि कक्षा १ सम्म जानकी गाउपालिका, कैलालीमा सञ्चालनमा रहेको श्री कालिकामाता एकेडेमीलाई टीकापुर नगरपालिका वडा नं. १ कैलालीमा ठाउँसारी गरि सञ्चालनको अनुमति प्रदान गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १६. माशिक तलब भुक्तानी सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं. १६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस कार्यालयमा मुखिया पदमा कार्यरत श्री दिपा ठकुल्लाको २०८१ माघ र फागुन महिनाको माशिक तलब भुक्तानी नभएकोले उक्त माशिक तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १७. योजना माग सम्बन्धमा।

निर्णय नं. १७ प्रस्ताव नं. १७ माथि छलफल गर्दा आ.व.२०८२/०८३ का लागि केन्द्र सरकार तथा सुदूरपश्चिम प्रदेश सरकार समक्ष तपशिल बमोजिमका प्रस्तावित योजनाहरु सुदूरपश्चिम प्रदेश सरकारको आगामी बजेटमा समावेश गराई दिन अनुरोध गरि पठाउने निर्णय गरियो।

तपसिल

क) पदमप्रकाशेश्वर महादेव मन्दिरदेखि महादेवटोल हुँदै टी.न.पा-६ को सिमाना सिप्रेनी सम्मको बाटो पक्की ढल सहित कालोपत्रे निर्माण टी.न.पा-७, सत्ती, कैलाली।

ख) सहरी स्वास्थ्य केन्द्रको तला थप सम्बन्धमा टी.न.पा-७,सत्ती,कैलाली।

ग) बेलुवा खडक बहादुर क्षेत्रीको घरदेखि सुन्दरपुर हुँदै बि.पी निकुञ्ज सम्मको बाटो स्तरन्नोती।

घ) ओजुवा तालको डि.पि.आर. भए बमोजिमको योजनामा निरन्तरता टी.न.पा-७, सत्ती, कैलाली।

ङ) बटनपुर गौडी खानेपानी आयोजना ओभर हेड ट्याङ्की निर्माण टीकापुर -८

च) बटनपुरबाट वडा-९ जोड्ने बाटो कालोपत्रे टीकापुर -८

छ) कर्णाली आधारभूत विद्यालयको घेरा पर्खाल निर्माण टीकापुर -८

ज) त्रिभुवन मा.वि बटनपुरको घेरा पर्खाल निर्माण टीकापुर- ८

झ) धनसिहंपुर स्वास्थ्य चौकीको थप सेवा विस्तारका लागि भवन निर्माण टीकापुर -८

ञ) वडा कार्यालयबाट कमलगाउँ हुँदै खक्रौला भन्सार जोड्ने बाटो टिकापुर -८

य) कोठारपुर चोकदेखि पूर्व मनिकापुर स्कुल हुँदै वडा नं ५ जोड्ने बाटो।

ट) कालिका स्कुलदेखि फारलाकनटोल जोड्ने सडक वडा नं ५

ठ) बन्दीपुर गाउँदेखि उत्तरपूर्व पार्क रोड जोड्ने बाटो सडक कालोपत्रे वडा नं ५

**टीकापुर न.पा. वडा नं.१का प्रस्तावीत योजनाहरु**

१. ब्लक न. १० संत निरंकारी मण्डल देखि खडक स्मृति मा.बि. हुदै ब्लक न. १५ र १६ जोड्ने सडकको अधुरो कालोपत्रसम्म ढल सहित कालोपत्रे आयोजना।
२. बनगाउ बिचपुरुवा देखि दक्षिणपुरुवा जोड्ने अधुरो कालोपत्रे सडक देखि वडा न.४ को सिमाना जोड्ने सडक कालोपत्र आयोजना ।
३. ब्लक न. १९ युनाइटेड स्कुल देखि अधुरो कालोपत्रे सडक हुदै एयरपोर्ट सम्म जोड्ने सडक कालोपत्र आयोजना ।
४. समितिपुर अधुरो कालोपत्रे देखि न.पा.को सिमाना चुंगीसम्म जोड्ने सडक कालोपत्र आयोजना।
५. झिलमिल चोक देखि शक्तिनगर शक्ति आ.बि. सम्मको सडक सडक कालोपत्र आयोजना ।
६. रानि जमरा कुलारिया सिंचाइ प्रणाली ब्यबस्थापन समितिको कार्यालय देखी ।CH क्याम्पस हुदै मालिका ग्राउण्डसम्म जोड्ने सडक कालोपत्र आयोजना।
७. ब्लक न. १३ आनन्द ट्रेडर्स देखि ब्लक नं. ६ सम्मको अधुरो कालोपपत्रे सम्म जोड्ने सडक आयोजना ।
८. खडक स्मृति मा.बि.को गेट देखि ब्लक नं. ६ को गल्लि न. ६ को सडक कालोपत्र आयोजना ।
९. ब्लक न. १९ खड्ग मेमोरियल स्कुलको दक्षिण गेट देखि गल्लि न. ६ र ७ को सडक कालोपत्र आयोजना ।
१०. ब्लक न. १३ खक्रौला रोड देखि नाईल ई. बो. स्कुल सम्म को सडक कालोपत्र आयोजना ।
११. ब्लक न. १२ खक्रौला रोड देखि आरामिल हुदै ब्लक न. २५ सम्म को सडक कालोपत्र आयोजना ।
१२. ब्लक न. ११ खक्रौला रोड शिवदत्त उप्रेतीको घर देखि १५० फिटे सडक सम्म को सडक कालोपत्र आयोजना ।
१३. ब्लक न. २२ अधुरो कालोपत्रे सडक देखि ब्लक न. २३ सम्म बनागाउ दक्षिणपुरुवा जाने सडक कालोपत्र आयोजना ।
१४. ब्लक न. ९ अधुरो कालोपत्रे सडक देखि नवदुर्गा आ.बि. सम्मको सडक कालोपत्र आयोजना ।
१५. मुनुवा रोड बिधुत ट्रांसफर्म देखि बनगाउ उत्तरपुरुवा सम्म जोड्ने सडक कालोपत्र आयोजना ।
१६. ब्लक न. ३० शसस्त्र गण देखि टिकापुर बहुमुखी क्याम्पस सम्म हुदै डुडेझारी सडक सम्म कालोपत्रे आयोजना ।
१७. खक्रौला रोड धिजराज रेग्मीको घर देखि टिकापुर बहुमुखी क्याम्पस सम्मको सडक कालोपत्रे आयोजना ।

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं. १८. योजना माग सम्बन्धमा ।

निर्णय नं. १८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा आ.व.२०८२/०८३ का लागि केन्द्र सरकार समक्ष तपशिल बमोजिमका प्रस्तावित योजनाहरु केन्द्र सरकारको आगामी बजेटमा समावेश गराई दिन अनुरोध गरि पठाउने निर्णय गरियो ।

तपशिल

१. टीकापुर वसपार्क देखि टीकापुर पार्क हुदै लुम्बिनी प्रदेश जोड्ने अधुरो सडक कालोपत्रे निर्माण
२. खक्रौला सडक देखि दक्षिण पुरुवा हुदै बाघमारा हुदै आमवासा जाने बाटो कालोपत्रे
३. टीकापुर १ शिवमन्दिर देखि जानकी गाउंपालिका जानेबाटो कालोपत्रे
४. टीकापुर १ खक्रौला रोड देखि आई सि एच भवन हुदै टेक बहादुर स्मृति भवनबाट जानकी गाउंपालिका जोड्ने बाटो कालोपत्रे
५. विजयनगरको झिलमिल चौराह देखि शक्तिनगर आधारभुत विद्यालय जाने बाटो कालोपत्रे
६. टीकापुर १ पार्क रोड देखि चन्द्रदेव भट्टराईको घर हुदै ईन्द्र धामीको घर सम्मको सडक कालोपत्र
७. टीकापुर १ विच बनगाउं देखि बाधमारा हुदै आमवासा जाने बाटो कालोपत्रे ।
८. तुल्सी ट्रेडलिंक देखि रानि जमराको कार्यालय हुदै टीएमसी जाने बाटो कालोपत्रे
९. टीकापुर ७ स्थित हुलाकी सडक देखि प्रतिपुर हुदै दिव्यपुर जाने बाटो कालोपत्रे
१०. टीकापुर १ शिव मन्दिर देखि मुनुवा राड सम्मको जमरा कुलोको बेल्ड कोरीडोर निर्माण सहित ब्युटीफिकेसन कार्य
११. टीकापुरमा बहु सांकृतिक संग्रालय निर्माण
१२. टीकापुर १ मा खड्क स्मृति पार्क निर्माण
१३. घर सम्मको सडक कालोपत्र
१४. नयां टीकापुर देखि टीएमसी हुदै टीकापुर विमानस्थल जाने सडक कालोपत्रे ।
१५. टीकापुर सेग्रिगेसन केन्द्रको पक्की घेरा पर्खाल सहित भवन निर्माण
१६. टीकापुर १ मुनुवा रोड स्थित विद्युत प्राधिकरण देखि उत्तर बनगाउं जाने बाटो कालोपत्रे
१७. टीकापुर १ पार्क रोड देखि मकर शाहको घर हुदै जिन ठकुराको घरबाट वडा नं. २ जोड्ने सडक कालोपत्रे
१८. टीकापुर १ खड्क चोक देखि विरेन्द्र बहुमुखि क्याम्पस सम्मको बाटो कालोपत्रे
१९.टीकापुर १ व्लक नं. ५ मा ढल सहित कालोपत्रे निर्माण
२०. टीकापुर १ व्लक नं. ए ईन्डोर मार्केट देखि लक्ष्मीचोक हुदै खक्रौला रोड सम्मको बाटो ढल सहित कालोपत्रे
२१ . टीकापुर १ व्लक नं. ७ स्थित अर्जुन मगरको घर देखि गणेशवावा स्कुल जाने बाटो कालोपत्रे
२२. टीकापुर १ स्थित कृषि हाट बजार देखि शसस्त्र प्रहरी व्यारेको पछाडी हुदै समितिपुर हुदै चुंगी चौराहा बाट जानकी गाउंपालिका जोड्ने बाटो कालोपत्रे
२३. चुंगीचोक देखि भजैया हुदै जानकी गाउंपालिका जोड्ने बाटो कालोपत्रे
२४ कर्णाली नदी विश्वनाथ धाम निर्माण
२५. महायोगि सिद्धबावा आध्यात्मिक प्रतिस्ठान टीकापुरको डि.पि.आर अनुसारको संरचना निर्माण
२६. टीकापुर १ शिव मन्दिर देखि भुपु सैनिक स्कुल सम्म्को बाटो कालोपत्रे
२७. टीकापुर १ चार चौतारी देखि विरेन्द्र विद्यामन्दिर हुदै शिव मन्दिर जोड्ने बाटो कालोपत्रे
२८. …कापुर जानकीको सिमा देखि खक्रौला सम्म मुख्य सडकमा स्टेट लाईट जडान कार्य
२९. टीकापुर १ खक्रौला सडक देखि सागर होटल हुदै घण्टाघर जाने बाटो कालोपत्रे
३०. टीकापुर नापी कार्यालय देखि टीकापुर विमानस्थल हुदै वसपार्क जाने सडक कालोपत्रे
३१. टीकापुर नगरपालिकामा फोहोर व्यवस्थापन कार्यका लागि सरसफाई वाहन खरिद

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

८८ औं कार्यपालिका निर्णय (मिति २०८२/०९/०९)

३२.टीकापुर नगरपालिका वडा ९ को सिमानामा मोभेरी टोलदेखि प्रहरी चौकी कालाकुन्डा हुँदै शसस्त्र प्रहरीको बि.ओ.पी. कालाकुन्डा सम्मको बाटो स्तरन्नोती टी.न.पा-७, सत्ती, कैलाली।

३३. सुरक्षित भवन वैदी देखि डल्फिन क्षेत्र दुङ्गाना टोल जाने बाटो स्तरन्नोती टी.न.पा-७, सत्ती, कैलाली ।

प्रमाणित

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

४८ औं कार्यपालिका निर्णयहरु (मिति २०८२/०१/०९)